ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक २५६

४ जेठ २०८० सोमबार

19 Jun. 2023, Monday

www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान


# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# वडा अध्यक्षविरुद्ध फर्जि श्रीमती कायम गरेको आरोपमा मुद्दा



**खबर दर्पण समाचारदाता**

**असार ३ गते, महेन्द्रनगर**

धनुषाको लक्ष्मिनियाँ गाउँपालिकाका एक वडा अध्यक्षविरुद्ध फर्जि श्रीमती कायम गरेको भन्दै मुद्दा परेको छ। धनुषा लक्ष्मिनियाँ ४ का वडाध्यक्ष रमेश कुमार साहले आफ्नै वडाको मनोज कुमार साह र सिमा कुमारीबीच गैरकानूनी रुपमा श्रीमती कायम गरेको भन्दै मुद्दा परेको हो।

धनुषाको लक्ष्मिनियाँ गाउँपालिका ४ घर भई हाल जनकपुरधाम उप-महानगरपालिका १ बस्ने स्व. मनोजकुमार साहको श्रीमती सिमा महतोले वडा अध्यक्ष रमेश कुमार साह, देवर अरुण कुमार साहसहित १७ जनाविरुद्ध गैरकानूनी रुपमा श्रीमती नाता कायम गरेको विरुद्ध जिल्ला अदालतमा मुद्दा दायर गरेकी छन्।

'स्व. मनोज कुमार साह र म सिमा महतोबीच जातीय एवं धार्मिक परम्परा बमोजिम जातीय रितिरिवाज अनुसार एक विवाह हुँदाहुँदै मेरो अनुपस्थितिमा जानकारी बिनै मेरो स्व. श्रीमान्को अर्को फर्जी श्रीमती खडा गरेको गैरकानूनी हो।' दायर गरिएको मुद्दामा भनिएको छ, 'हाल श्रीमान् मजोज कुमार साह, ससुरा जीवछ साह र सासु विमला देवी साहको देहावसान भइसकेको र देवर अरुण कुमार साहले सगोलको श्री सम्पति आफ्नो अंश बुझिलिएको अवस्थामा मेरो स्व. श्रीमान्को सम्पतिबाट मलाईसहित छोराछोरीलाई बेदखल गर्न वडा अध्यक्ष रमेश कुमार साहसहित देवर अरुण कुमार साहले प्रपञ्च रचि अर्को विवाहको फर्जी कागजात बनाउनुलाई गैर कानूनी हो।'

दायर गरिएको मुद्दामा देवर अरुण कुमार साहले वडा अध्यक्ष रमेश कुमार साह, वडा सचिव (पञ्जाधिकारी) राजकुमार यादवको सहयोगमा सिमा महतो र सिमा कुमारी गरी दुई कागजी श्रीमती खडा गरेको उल्लेख गरिएको छ। फिरादपत्रमा महतोले नाबालक छोरा छोरीको हक मेट्ने उदेश्यले श्रीमान्का् मृत्यु पश्चात् विदेश भारत राज्यको सितामढी जिल्ला बथनाहा थाना सरगहिया ग्राम निवासी सिमा कुमारी र मनोज कुमार साहको मिति २०७३ अषाढ २७ गते विवाह, २०७७ श्रावण १० गते विवाह सिफारिस, ११ गते जीवछ साह र सिमा कुमारी बीच ससुरा बुहारी नाता प्रमाणित गरेको तथा वडा अध्यक्ष रमेश कुमार साहको मिलोमत्तोमा स्व. मनोज साहको दुई पत्निहरु सिमा महतो र सिमा कुमारी भएको उल्लेख गराई वडाध्यक्षले सरकारी पदको दुरुपयोग गरेको उल्लेख गरिएको छ।

यसैगरी फिरादपत्रमा वडाध्यक्षको सिफारिसबाट सिमा कुमारीर मनोजबाट आरुही र मुस्कान साहको जन्म भएको र २०७७ श्रावण १८ गते वैवाहिक अंगिकृत नेपाली नागरिकता प्राप्त गरेको उल्लेख गरिएको छ। त्यसैले मुलुकी देवानी संहिता २०७४ को दफा ७२ (१) (घ) ले विवाहित पुरुष र महिला दुवैको वैवाहिक सम्बन्ध कायम नरहेको अवस्थामा अर्को विवाह गरेमा त्यस्तो विवाह स्वतः बदर हुने व्यवस्था छ। मुलुकी देवानी संहिता, २०७४ को दफा ७२ (१) (ग) मा पुरुष र महिला दुवैको वैवाहिक नरहेको अवस्थामा विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम नरहेको अवस्थामा मात्र विवाह गर्न पाउने कानून प्रावधान छ।

दफा ७४(१) मा कुनै पुरुषसँगको शारिरिक सम्पर्कबाट गर्भाधारण भई शिशु जन्मिएमा स्वतः विवाह भएको मानिने कानूनी व्यवस्था भएपनि उक्त व्यवस्थालाई ऐ. को दफा ७२(२)(घ) को व्यवस्थाले बाहेक गर्दै बहुविवाह कायम हुने अवस्थामा स्वतः विवाह नहुने कानूनी व्यवस्था छ। विवाह दर्ता गर्ने अधिकार जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ऐन, २०३३ ले स्थानीय पंजिकाधिकारीलाई मात्र प्रदान गरेको छ।

सोही ऐनको दफा ४(१) को देहाय (ख) ले स्थानीय पंजिकाधिकारी समक्ष विवाहको सूचना पति पनि दुबैले दिनु पर्ने प्रष्ट कानूनी व्यवस्था छ। समान व्यवस्था मुलुकी देवानी संहिता, २०७४ को दफा ७६(१) मा समेत रहेको छ। सोको विपरित विवाहको सिफारिस गर्ने अधिकार वडा अध्यक्षलाई प्रचलित कानूनले प्रदान गरेको छैन। त्यसैले कानून विपरित र वडाध्यक्षको पदको दुरुपयोग गरेको भन्दै कारवाहीको लागि माग गरेको छ।

कानूनले स्वतः बदर हुने विवाहको श्रेणीमा राखेको अवस्थामा विवाहित पुरुषलाई अविवाहित भएको सिफारिस गरेको गैरकानूनी एवं प्रारम्भदेखि नै बदरको माग गरिएको छ। वडाध्यक्षको रोहबरमा गरिएका रघुनन्दन यादव, तसलिम धोबी, चन्देश्वर यादव, विश्वेश्वर यादव, रामविलास साह

*बाँकी पृष्ठ ४ मा*

# जनकपुरधाममा रात्रिकालीन बजार सञ्चालन हुने



**जनकपुर**/ जनकपुरधाममा देखि रात्रिकालीन बजार सञ्चालन हुने भएको छ । जनकपुरधाम उद्योग वाणिज्य सङ्घले आज रातिदेखि जनकपुरधाममा रात्रिकालीन बजार सञ्चालनमा आउन लागेको जनाएको छ।

जनकपुरधाम उपमहानगरपालिकाले रात्रिकालीन बजार सञ्चालनका लागि अनुमति दिएको हो ।

नगरप्रमुख मनोजकुमार साहले तत्काललाई राति १० बजेसम्म बजार सञ्चालन गर्ने गरी अनुमति दिएको जानकारी दिनुभयो । उहाँले अहिले सुरु गरेपछि बिस्तारै बजार सुधार गर्दै जाने बताउनुभयो ।

जनकपुरधाममा रात्रिकालीन बजार सञ्चालनका लागि जनकपुरधाम उद्योग वाणिज्य सङ्घले धेरै पहिलेदेखि विभिन्न निकायसँग माग गर्दै आएको थियो ।

उद्योगी व्यवसायीको माग बमोजिम रात्रिकालीन बजार सञ्चालन सम्बन्धमा आयोजना गरिएको अन्तर्क्रिया कार्यक्रममा नगरप्रमुख साहले आजदेखि रात्रिकालीन बजार सञ्चालनको प्रस्ताव गर्नुभएको थियो ।

जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले रात्रिकालीन बजार सञ्चालनले यस क्षेत्रको अन्य व्यवसायलाई पनि थप चलायमान बनाउने विश्वास व्यक्त गर्दै यसले धार्मिक पर्यटकहरूलाई थप आकर्षित गर्ने र यसले आर्थिक अवस्था चलायमान बन्ने विश्वास व्यक्त गर्नुभयो ।

# मधेश प्रदेश सभामा ५ संसदीय समितिको सभापति चयन

**खबर दर्पण समाचारदाता**

**असार ३ गते, जनकपुर**

मधेश प्रदेश सभामा विभिन्न सातमध्ये पाँचवटा संसदीय समितिको सभापति चयन भएको छ ।

प्रदेश सभामा एक बढी संसाद र हेका ७ दलले एक/एकवटा संसदीय समिति लिने सहमति भएपछि सभापति चयन गरिएको हो।

जसमध्ये प्रदेश सभा मामिला र कृषि तथा भूमि व्यवस्था समिति बाहेकमा सभापति चयन गरिएको छ ।

सहमतिको माध्यमबाट शनिबार साँझ पाँचवटा समितिका सभापति चयन गरिएको प्रदेश सभा सचिवालयले जनाएको छ ।

सार्वजनिक लेखा समितिको सभापतिमा प्रमुख प्रतिपक्षी नेकपा एमालेकी मञ्जु थापा चयन भएकी छन् ।

त्यस्तै विकास समिति सभापतिमा जसपाका शारदा शंकरप्रसाद कलवार, महिला बालबालिका तथा सामजिक न्याय समितिमा लोसपाकी रुपा कुमारी यादव, अर्थ तथा योजना समितिमा सतिशकुमार सिंह र प्राकृतिक स्रोत तथा वातावरण समितिमा माओवादी केन्द्रकी शारदा पहाडी सभापतिमा चयन भएको प्रदेशसभा सचिवालयका सचिव रञ्जित यादवले जानकारी दिए ।

उनका अनुसार प्रदेश सभा मामिला र कृषि बाँकी छ । जसमा कांग्रेस र एकीकृत समाजवादीमा पार्टीभित्र कसलाई बनाउने टुंगो नलाग्दा दुईवटा समितिमा सभापति यचन गर्न बाँकी छ । केही दिनभित्रै दुवै समितिले सभापति पाउने सचिव यादवले बताए ।

यसअघिल्लो कार्यकालमा एकवटा संसदीय समितिमा पनि महिला सहभागिता थिएनन् । यसपटक पाँचवटा समितिले सभापति पाउँदा तीनवटामा भने महिलाले नेतृत्व पाएको छ ।

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# युवा पलायन रोक्न जरुरी

संसारकै पुरानो राष्ट्र मध्येको एक भए पनि नेपालको राजनीतिक इतिहास त्यति लामो छैन। बाइसे-चौबिसे जस्ता छरिएर रहेका करिब ५० राज्य एकीकृत भएर बनेको हो, नेपाल। नेपालको एकीकरणपछि राम्रोसँग राज्यका रूपमा सञ्चालन हुन नपाउँदै एकतन्त्रीय जहानीयाँ राणा शासनको सुरुङमा छिऱ्यो। जुन सुरुङबाट बाहिर निस्कन नेपाललाई १०४ वर्ष लाग्यो। अन्तर्राष्ट्रिय परिस्थिति, दोस्रो विश्वयुद्धको असर स्वरूप उपनिवेशको अन्त्यकै सिलसिलामा मित्रराष्ट्र भारत बेलायती उपनिवेशबाट स्वतन्त्र भयो। त्यसपछि नेपालमा समेत पढ्न, लेख्न र बोल्न पाउने अधिकारका साथै राजनीतिक स्वतन्त्रताको माग राख्दै आन्दोलन भए।

परिणाम स्वरूप २००७ मा भारतको नयाँदिल्लीमा भएको सम्झौतामार्फत प्रजातन्त्रको स्थापना भयो।

प्रजातन्त्रको स्थापना भए पनि राजनीतिक पार्टीहरू प्रजातन्त्रको सही प्रयोग गर्न असफल रहे। पार्टीहरू एकआपसमा पनि सहिष्णु हुन सकेनन्। तत्कालीन समयमा सोभियत संघ र अमेरिकाबीचको शीतयुद्धले विश्व नै प्रभावित भयो। उक्त समयमा नेपालका राजनीतिक पार्टीहरूसमेत दुई ध्रुवमा बिभाजित भए।

जसले गर्दा नेपालको अस्तित्व नै संकटमा पर्ने अवस्था सिर्जना हुन पुग्यो। प्रजातन्त्र स्थापना भएको एक दशक नपुग्दै नेपालले बहुदलीय व्यवस्था गुमाउन पुग्यो। बहुदलीय पद्धतिको पुनर्प्राप्ति गर्न २०४६ सालसम्म कुर्नुपऱ्यो। तर, पनि राजनीतिक पार्टीहरूको शैलीमा परिवर्तन आएन।

ठूला भनिएका पार्टीहरूले साना पार्टीहरूको अस्तित्व स्वीकार गर्न सकेनन्। नेपालको विकास र समृद्धिका लागि न्यूनतम समझदारी पनि गर्न सकेनन्। नयाँ संविधानको माग गर्दै कैयौं दशक बिते। बिरोधका रूपमा विरोध गर्ने प्रवृत्ति हावी भयो। राजनीतिक पार्टीबीच स्वस्थ वैचारिक प्रतिस्पर्धा भएन। बहुदलको माग गर्दै दशकौं आन्दोलन गरेका पार्टीहरूले बहुदलको मर्मअनुसार बहुदलीय प्रतिस्पर्धालाई स्वीकार गर्न सकेनन्। बहुदलीय व्यवस्थाको पुनर्स्थापनासँगै विश्वव्यापीरूपमा आएको विश्वव्यापीकरणको लहरले नेपाललाई सहयोग गर्ने दाताको चासो र सहयोग नभएको होइन।

# मधेश प्रदेशको बजेट कार्यान्वयनमा चुनौती



**खबर दर्पण समाचारदाता**

**असार ३ गते, जनकपुर**

सर्वाधिक अनियमितता हुने आरोप लाग्दै आएको संसदीय विकास कोषको नाममा मधेश प्रदेश सरकारले फेरि बजेट विनियोजन गरेको छ ।

आर्थिक वर्ष ०७८/०७९ मा संसदीय कोषको रकम समयमै खर्च हुन नसक्दा त्यसको भुक्तानी अझै हुन सकेको छैन् । सभासदहरुले पाउने सम्पूर्ण बजेट उपभोक्ता समितिमार्फत खर्च हुने गरेको छ । तर त्यो रकम अनियमितता गर्न असार महिनाको अन्त्यतिर खर्चिने र त्यसको भुक्तानीसमेत समयमा हुन नसकेको देखिन्छ । संसदीय विकास कोषलाई निरन्तरता दिदैँ आगामी आर्थिक वर्षमा २ अर्ब ३५ करोड बजेट विनियोजन गरिएको छ ।

मधेश प्रदेशका आर्थिक विज्ञहरुले संसदीय कोषको नाममा बजेट विनियोजन नगर्न सरकारलाई सुझाव दिएको थियो । अर्थ मन्त्रालयले बर्दिबासमा आयोजना गरेको बजेट सम्बन्धी छलफलमा अर्थविद्हरुले संसदीय विकास कोष हटाउन सुझाव दिए पनि सरकारले त्यसलाई आत्मसात गरेको देखिएन् ।

प्रदेशका निर्वाचित सभासद ६४ जनालाई जनही ३ करोडको दरले १ अर्ब ९२ करोड र ४३ जना समानुपातिक सभासदलाई जनही १ करोडको दरले ४३ करोड गरी २ अर्ब ३५ करोड रकम विनियोजन गरिएकोछ । राष्ट्रिय योजना आयोगका पूर्व सदस्यसमेत रहेका अर्थशास्त्री डा.सुरेन्द्र लाभले संघीय सरकारको नक्कल गरी मधेश सरकारले संसदीय कोषमा रकम विनियोजन गर्नु आर्थिक अनियमिततालाई निरन्तरता दिनुरहेको बताए ।

'समयमा काम सम्पन्न गरी निर्धारित समय भित्र भुक्तानी हुन नसकेको रकम अर्को आर्थिक वर्षमा भुक्तानी गर्नु भारी आर्थिक अनियमितता हो' उनले भने, मधेश प्रदेशमा गलत थिति बसालेर आर्थिक अनियमितता भइरहेको छ । अर्थ मन्त्रालयले कार्यक्रमका लागि क्यालेण्डर बनाउने र सो अनुसारको मितिमा काम हुन नसके योजना नै रद्द गरिने अत्यन्त प्रशंसनीय पक्ष रहेको उल्लेख गर्दै डा.लाभले भने, तर त्यसको कार्यान्वयनमा राजनीति गर्नहुँदैन् ।

मधेश प्रदेश सरकारले विगतमा सम्पन्न गरेका सडक लगायतका कामहरु र आगामी दिनमा गरिने कामको यथार्थ विवरण बजेटमा समावेश नहुँदा सरकारको उपलब्धिलाई तुलनात्मक विश्लेषण गर्न नसकिने उनले बताए । 'आवश्यकता अनुसार बजेटको बाँडफाँट हुनुपर्ने थियो' उनले भने, तर बजेट नेता र कार्यकर्तामुखी रहेको छ ।

मधेश प्रदेशको सर्वाधिक पिछडिएको रौतहट जिल्लामा र दलित, जनजाति, महिलाको विकासका लागि बढी बजेट विनियोजन हुनुपर्नेमा त्यो नदेखिएको उनले औँल्याए । देशभरि नै चर्चित 'बेटी पढाउ, बेटी बचाउ' कार्यक्रमलाई अझ सशक्त र प्रभावकारी बनाउनुपर्नेमा बेवास्ता गरिएको डा.लाभले बताए ।

सरकारसित साइकल रहेकाले त्यसमा बजेट नहाल्नु उपयुक्त भए पनि नीति तथा कार्यक्रममा घोषणा गरिएको छात्रालाई ल्यापटप बजेटमा समावेश नहुनु उपयुक्त नभएको उनले जनाए । अर्थ मन्त्रालय सम्बद्ध एकजना अधिकारीले विभिन्न मन्त्रालयहरुले नै बजेट सार्वजनिक हुनु १५ घण्टासम्म सूचीकृत गर्ने परिपाटीले पनि मधेश प्रदेशको बजेटमा कतिपय कमी कमजोरी देखिने गरेको बताए ।

संसदीय विकास कोषमा बजेट नराखे प्रदेश सभाबाट बजेट पास नहुने निश्चित रहेकाले नै निरन्तरता दिनु परेको ती अधिकारीले बताए । निर्वाचित सभासदहरुले कम्तीमा ५ करोड बजेट माग गरेको उनले खुलाए । 'बहुमतको सरकार भए पनि संसदीय कोषको सबालमा सबै एकजुट हुने गरेका छन् उनले भने, उपभोक्ता समिति बनाएर काम गराउँदा समयमा योजना सम्पन्न नभइ काम हुन नसक्दा अर्को आर्थिक वर्षमा भुक्तानीको प्रक्रिया प्रदेश सभाले अगाडि बढाउने गरेको छ । बजेट मध्यम खालको भए पनि त्यसको कार्यान्वयनमा चुनौती रहेको अर्थविद्हरु बताउँछन् ।

नमुना विद्यालय, कन्या क्याम्पस, दलित विद्यार्थीहरुको खाता खोलेर रकम जम्मा गरिने कार्यक्रमहरु अत्यन्त राम्रो रहे पनि त्यसको कार्यान्वयन पक्ष सहज नभएको उनीहरुको कथन छ । सरकारले बजेटको कार्यान्वयनका लागि समयमै रकम निकासा गर्नुपर्ने, योजनाहरुको नियमित अनुगमन र क्यालेण्डर अनुसारको कार्य प्रगतिको समीक्षामा जोड दिए उपलब्धिमूलक हुनसक्ने उनीहरुको धारणा छ ।


## सार्वजनिक हितमा जारी सन्देश

- **आ-आफ्नो बालबालिका जन्मेको ३५ दिन भित्र सम्मन्धीत वडा कार्यालयबाट जन्मदर्ता बनाऔं ।**
- **सार्वजनिक सम्पतीको सबैको साँझा सम्पती र धरोहर हो सबै मिलेर सुरक्षा गरौं । विनास हुनबाट बचाऔं ।**
- **वर्षायाम सुरु भएकोले घर बाहिर निस्किदा विहान र बेलुका टर्च लाईट र लठ्ठी लिएर मात्र निस्किनुहोस् ।**
- **जथाभावी रुखविरुवा कटानीले पर्यावरणमा गम्भिर असर परेकोले पुरानो रुख काटेको ठाउँ वरपर कम्तिमा ५ वटा रुख लगाऔं ।**
- **सार्वजनिक हितको विषयमा आफ्नो आवाज बुलन्द गरौं । भ्रष्टाचार, अनियमितता विरुद्ध खुलेर बोलौं ।**

**गणेशमान चारनाथ नगरपालिका**

विरेन्द्रबजार, धनुषा


## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| **बर्दिवास अस्पताल** | ५५००९० |
| **ट्राफीक प्रहरी** | ५५००५५ |
| **छिन्नमस्ता सशस्त्र प्रहरी गण** | ५५०४०४ |
| **जिल्ला खानेपानि (गौरी डाडाँ )** | ५५०००५ |
| **ढल्केवर (नो लाईट)** | ०४१-५६००६८ |
| **सुरक्षा क्याम (रेडियो नेपाल)** | ५५००२३ |
| **बर्दिवास गा.वि.स.** | ५५००३१ |
| **खानेपानि कार्यालय** | ५५०११० |
| **प्रहरी** | ५२०१९९ |
| **प्रहरी** | ५२००९९ |
| **बर्दिवास दुरसञ्चार** | ५५०००० |
| **पारिजात स्मृति अस्पताल** | ५५०३७२ |
| **नेपाल परिवार नियोजन संघ** | ५५०१०७ |
| **इलाका प्रहरी कार्यलय वर्दिवास** | ५५०००६ |
| **खानेपानी बर्दिवास** | ५५०१४३ |
| **रेडक्रस एम्बुलेन्स** | ५२०१०० |
| **मेरी स्टोप्स सेन्टर** | ५५०१२६ |
| **शूभ स्वस्तिक हस्पिटल** | ५५०२५५ |
| **जनसेवा हस्पिटल** | ५५०४०६ |
| **बर्दिवास आँखा अस्पताल** | ५५०४७७ |
| **एकिकृत सेवा केन्द्र बर्दिवास** | ५५०६६८ |
| **IRDS समाज सहकारी अस्पताल** | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# नगराइन नगरपालिकामा आर्थिक बेथितिका चाङ्ग

**खबर दर्पण समाचारदाता**

**असार ३ गते, जनकपुर**




धनुषाको नगराइन नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार नगरेको पाइएको छ। महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको वार्षिक प्रतिवेदन अनुसार यस पालिकामा बेथितिका चाङहरू देखिएका छन ।

लेखापरीक्षणबाट यस पालिकाको ९ करोड २९ लाख २५ हजार रूपैयाँ बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने ६ लाख ५३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने ८ करोड ८३ लाख ३७ हजार र नियमित गर्नुपर्ने ३९ लाख ३५ हजार रूपैयाँ रहेको छ ।

यस नगरपालिकाको गतवर्ष सम्म २१ करोड ९ लाख ५५ हजार रूपैयाँ बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौट एवं कायम भएका बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू ३० करोड ३८ लाख ८० हजार रूपैयाँ रहेको छ ।

यस पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको र कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता आएको छैन । अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम मात्र सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले यस पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाइएको छैन। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकड़ा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको हुन्छ । नगर/गाउँ कार्यपालिका, नगर प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार छन् ।

नगराइन नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। तर, यस पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको १३ करोड ३२ लाख २८ हजार ३१०, गरिबसँग विशेश्वर कार्यक्रमको ६ लाख ६० हजार समेत गरी १३ करोड ३८ लाख ८८ हजार ३१० रूपैयाँ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर, यस पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएको छैन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था देखिएको छैन ।

यस नगरपालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरि एको छैन भने पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेखसमेत राखेको छैन । सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन। त्यस्तै, निजामती सेवा ऐन २०४९ बमोजिम कर्मचारीको कार्य विवरण बनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको छैन ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिएको छ। ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार नगरेको पाइएको छ भने निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तरसमेत परीक्षण गरेको छैन ।

**अनियमित खर्चको चाङ यस्तो छ :**

भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था रहेपनि नगराइन नगरपालिकाले भ्रमण तथा अनुगमन वापत १२ लाख ८ हजार रूपैयाँ खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश नै गरेको छैन। .

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले ८ लाख ९ हजार रूपैयाँ खर्च गरेको छ । उता, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था नरहेको अवस्थामा यस पालिकाले उल्लेखित पदहरुमा बाहेक करारमा कर्मचारी नियुक्त गरी ऐनको व्यवस्था विपरीत तलव भत्तावापत १७ लाख ९६ हजार ४०४ रूपैयाँ भुक्तानी गरेको छ।

यस पालिकाले अधिकृत स्तरको एकजना कर्मचारीलाई ४ लाख ५५ हजार ८८०, सहायक स्तरका दुईजना कर्मचारीलाई ऐनको व्यवस्था विपरीत १० लाख २९ हजार ९६० र ३ जना हेभि सवारी चालकलाई ३ लाख १० हजार २०० रूपैयाँ भुक्तानी गरेको छ ।

त्यस्तै, पालिकाले एक वर्षमै इन्धनमा २८ लाख ८९ हजार रूपैयाँ अनियमित खर्च गरेको पाइएको छ । सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शनमा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनुपर्ने र सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ ।

तर, यस पालिकाका पदाधिकारीले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष इन्धनमा २८ लाख ८९ हजार रूपैयाँ खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेखसमेत राखेको छैन ।

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा प्रमाण कागजात तथा बिल भरपाई राखी मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । तर, यस नगरपालिकाले यसवर्ष विविध खर्च शीर्षकमा १५ लाख ७१ हजार रूपैयाँ खर्च गरेको छ ।

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने र तीनीहरुको राम्रो संभार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्बन्धित कार्यलयमा रहेको छ। चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्विकृत गराई मर्मत खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ। नगराइन नगरपालिका मर्मत खर्च भुक्तानी गर्दा केही खर्चमा मर्मत आदेश र मर्मत अभिलेख म.ले.प.फ.न ४१५ तयार नगरी सवारी साधन मर्मतमा ७ लाख ५५ हजार र मेशिनरी तथा औजार मर्मत संभारमा १० लाख २१ हजार गरी कूल १७ लाख ७६ हजार रूपैयाँ अनियमित तरिकाले खर्च गरेको छ ।

त्यस्तै, भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफु कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउँमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी/कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ ।

यस पालिकाका कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण बिल अनुसार १६ लाख ५ हजार रूपैयाँ खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन । एउटै गोश्वारा भौचरबाट अनुगमन तथा मुल्याङ्कन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ठ भ्रमण अनुगमन प्रतिवेदन बेगर तेरिज तयार नगरी खर्च लेखेको पाइएको छ ।

**बरबुझारथ नगरि लाखौंका सामानसहित कार्यालय प्रमुख गायब**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ (१) मा कार्यालय प्रमुखले कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गराउनुपर्ने तथा नियम १०३ (१) मा कुनै कर्मचारी आफु कार्यरत कार्यालय छोडेर जाँदा आफ्नो जिम्मामा रहेको जिन्सी मालसामान बरबुझारथ गर्नुपर्ने व्यवस्था छ ।

तर, यस पालिकाका तत्कालिन कार्यालय प्रमुख विनय कुमार सोनुको जिम्मामा रहेको ३ लाख ४७ हजार ४५० रूपैयाँ मूल्य बराबरका सामानहरु जिन्सी दाखिला नगरी बरबुझारथ नगरेको पाइएको छ ।

तत्कालिन कार्यालय प्रमुख सोनुले कार्यालयको २ लाख ६२ हजार ७ सय मूल्य पर्ने यामाहा एफ जेड एस मोटरसाईकल १ थान र ८४ हजार ७५० रूपैयाँ बराबरको डेल कम्पनीको १ थान ल्यापटप बरबुझारथ नै नगरि आफ्नो जिम्मामा राखेका छन् ।-टुडेआवाजबाट





*नियमित कर तिरी नगर विकासमा सहभागी बनौं ।*

*कर तिर्नु सभ्य नागरिकको पहिचान हो समयमै कर चुक्ता गरौं*

**बटेश्वर गाउँपालिका कार्यालय**

**धनुषा**

# बालिका सम्मेलन गर्नुपर्ने माग गर्दै प्रदर्शन




**खबर दर्पण समाचारदाता**

**असार ३ गते, सर्लाही**

सर्लाहीको चन्द्रनगरमा जनप्रतिनिधिको बिरोध पछी स्थगित गरिएको बालिका सम्मेलन गर्नुपर्ने माग राख्दै प्रदर्शन गरि एको छ ।

बाल विवाह सन २०३० सम्म अन्त्य र बालिकालाई सक्षम बनाउने उदेश्यका साथ आज( शनिवार) नाढीमन तालमा हुने बालिका सम्मेलन गाउँपालिका उपाध्यक्ष गितादेवी महतो, वडा नं. ७ का वडा अध्यक्ष रामस्वरुप कुर्मी, वडा नं. ६ का वडा अध्यक्ष दिपेन्द्र चौधरी, वडा नं. ५ का वडा अध्यक्ष , वडा नं. ४ का वडा अध्यक्ष राजिव सिंह , वडा नं. ३ का वडा अध्यक्ष सिताराम महतो लगायतका विरोद्ध टोलीले शुक्रवार गाउँपालिकाको कार्यालय अगाडी बालिका सम्मेलन स्थगित गर्न माग गरेपछी बालिका सम्मलेन स्थगित गरिएको थियो ।

बालिका सम्मेलन स्थगित भएपछि बालबालिका, महिला अधिकारकर्मी तथा महिलाहरु लगायत अन्य व्यक्तिहरुको उपस्थितिमा सम्मेलन गर्नुपर्ने भन्दै प्रदर्शन गरिएको छ। बालबालिकाहरुले बालिका सम्मेलन चाडै गर, बालिका सम्मेलन रोक्न पाइदैन,बाल बिबाह अन्त्य गर, महिला अधिकार हनन गर्न पाइदैन,बालिका बिरोद्धी जनप्रतिनिधि तथा नेता चाहिदैन, लगायतको नारा घनकाउँदै प्रदर्शन गरेको छ ।चन्द्रनगरको कुना कुना बाट बालबालिका तथा महिलाहरुको जनसागर ओर्लिएर बालिका सम्मेलन गर्नुपर्ने माग गर्दै प्रदर्शन गरेको छ । चन्द्रनगर गाउँपालिका वडा नं. ७ बस्ने विद्यार्थी कल्याणी कुमारी चौधरीले बालिका सम्मेलन भएन भने चन्द्रनगर गाउँपालिका कार्यालय तथा गाउँपालिका अन्तर्गत रहेको ७ वटै वडामा तालाबन्दी गर्ने बताउनुभयो । उपाध्यक्ष गितादेवी महतो महिला भएर पनि महिला तथा बालिकाहरुको हक अधिकार खोसेर बालिका सम्मेलन स्थगित गराउन आन्दोलन गर्नु घिन लाग्दो विषय बनेको छात्रा कल्याणीले बताउनुभो । उपाध्यक्ष महिला भएर पनि फाहरी राजनैतिक गरेको, भागबण्डाको राजनैतिमा बालिका सम्मेलन स्थगित गराएको कल्याणीले बताउनुभयो । बालिका सम्मेलन नभए तालाबन्दीको साथसाथै कडा आन्दोलन समेत गरिने कल्याणीले बताउनुभयो ।

प्रदर्शन गर्न आउनी भएकी अर्का महिला जैमन देवी माझीले चन्द्रनगर गाउँपालिका अध्यक्ष राजकुमार महतोले विकास गर्न खोज्दा तथा बालिका हितमा काम गर्न खोज्दा कुन लोभले उपाध्यक्ष महतोले बालिका सम्मेलन स्थगित गराएको हो प्रश्न गर्दै गुणासो पोख्नुभयो । उपाध्यक्ष महिला हो तर महिलाको अधिकार बुझ्नेन, बजेटको भागबण्डामा मात्र अग्रसर छ, अहिलेको विकास विरोद्धी जनप्रतिनिधि कुकुर हो र भागबण्डा गर्नलाई दुखेसो पाख्दै माझीले भकानिएर भन्नुभयो । आफुहरुलाई जनविरोद्धी, बिकास विरोद्धी जनप्रतिनिधि चाहिएन, यहाको उपाध्यक्षले न्यायिक कार्य बाहेक आफनो भागमा २ करोड र वडा अध्यक्षले १/१ करोड भागबण्डा गरेको छ, यत्रो बजेट छुट्टयाए पनि ति बजेटमा दलितलाई समेटन नसकिएको माझीले गुणासो पोख्नुभयो ।

बिद्यावारीधी गरिरहनु भएकी नेपालमा महिलाहरुमा हुने महिनावारीको विषयमा रिसर्च गर्न आउनु भएकी लण्डनवासी छात्रा अविगेलले महिला पुरुष सम्मान हुन र महिला तथा बालिका उत्थानको लागि गरिने कार्यक्रम स्थगन हुनु दुखद भएको बताउनुभयो ।

महिला अधिकारकर्मी सुधा पौडेल एउटा महिला उपाध्यक्षले महिला तथा बालिका हितको लागि हुने कार्यक्रम स्थगन गर्न दुखद भएको बताउनुभयो । मधेशमा बाल बिबाह व्यप्त छ र यस्तो कार्यक्रम हुनु भनेको चन्द्रनगरको लागि सुखद हुने अधिकारकर्मी पौडेले बताउनुभयो । छोरी भनेको मरिच र केराउको दाना जस्तै हो, छोरीको कलिलै उमेरमा बिवाह हुदाँ मरिच र केराउ जस्तै खुम्चिने भएकोले यो बालिका सम्मेलन बाल बिबाह रोक्न महत्वपुर्ण कार्यक्रम भएको महिला अधिकारकमी पौडेले बताउनुभयो ।

अर्का महिलअधिकारकर्मी राधा पौडेलले जहाँ जहाँ मलिा अधिकार खोसिन्छ, छोरीहरुको अधिकार खोसिन्छ, महिला तथा छोरीहरु हिंसामा पर्छ त्याहा म पुग्द छु उहाले बताउनुभयो । मधेशमा सबभन्दा बढि बाल बिवाह, छोरी बलात्कृत, हुन्छ तर छोरीहरुको हक हितको लागि बालिका सम्मेलन हुदाँ उपाध्यक्ष लगायत अन्य व्यक्तिहरुले रोक्नु भनेको निन्दनीय कार्य भएको र बालिका सम्मेलन नगराए हामी महिला अधिकारकर्मीहरु यो विषयमा विरोद्ध गर्नुपर्ने अवस्था आउन सक्ने उहाले बताउनुभयो । बालिका सम्मेलन रोक्ने जनप्रतिनिधिहरुलाई बास्तवमै भन्ने हो भन्ने लाज लागनुपर्ने विषय भएको महिला अधिकारकर्मी पौडैलले बताउनुभयो ।

गाउँपालिका अध्यक्ष महतोले कार्यक्रमलाई सम्बोधन गर्नु हुदैं बालिका सम्मेलन काठमाडौमा महिला बालबालिका समज कल्याण मन्त्रालयको आयोजनामा राष्ट्रिय स्तरमा कार्यक्रम गरिएको थियो र सो कार्यक्रममा नेपालमा सन २०३० सम्म बाल बिवाह अन्त्य गर्ने घोषणा भयो। सोही अनुरुप नेपालमै पहिलो पटक बालिका सम्मेलन पालिका स्तरबाट गर्न लागेपछी अहिलेको उपाध्यक्ष लगायत अन्य विभिन्न व्यक्तिहरुले बहुमतको आडमा कार्यक्रम स्थगन गराएको बताउनुभयो ।

माओवादी बाट निर्वाचित उपाध्यक्ष र वडा अध्यक्षहरुले भागबण्डा गरी ९ करोड रुपैया लिएको छ तर बिडम्बना सबै बजेट माटो र ग्रेबलमा गैरहेको छ, बालबालिकाको हित तथा जनमुखी कार्य नगरेको अध्यक्ष महतोले बताउनुभयो । अध्यक्ष महतोले स्थगन गरिएको बालिका सम्मेलन बालबालिका तथा महिलाहरुले गर्नुपर्ने माग गरिरहेको हुदाँ पुःन आउँदै गरेको असार १५ गते भित्रमा बालिका सम्मेलन हुने बताउनुभयो ।

# रामगोपालपुर नगरपालिकामा दादुरा रूवेला खोप अभियान संचालन सम्बन्धि अभिमुखिकरण सम्पन्न



**धर्वेन्द्रकुमार यादव यदुवंशी**

**असार ३ गते, औरही, महोत्तरी**

रामगोपालपुर नगरपालिकाका जनप्रतिनिधि तथा सरोकार वालाहरुलाई दादुरा रूवेला खोप अभियान संचालन सम्बन्धि अभियमुखिकरण सम्पन्न गरिएको छ।

आइतबार रामगोपालपुर नगरपालिकाको सभाकक्षमा स्थानीय जनप्रतिनिधि, समाजसेवी,पत्रकार, शिक्षक प्रतिनिधि,संघ-संस्थाका जिम्मेवार लगायत स्थानीय सरोकारवालाको करिब ५० जनाको सहभागीता रहेको थियो ।

कार्यक्रममा दादुरा, रुवेला रोगको न्यूनीकरण कसरी गर्न सकिन्छ यसमा स्थानीय सरोकारवाला पक्षको भुमिका कस्तो रहने भन्ने विषयमा छलफल भएको थियो । दादुरा रुबेलाको विषयमा र ।मगोपालपुर नगरपालिका स्वास्थ शाखा प्रमुख अछेलाल दासले जानकारि दिनु भएको थियो।सोही कार्यक्रमलाई सम्बोधन गर्दै रामगोपालपुर नगरपालिकाकि उप प्रमुख रिना कुमारी यादवले आफ्नो नगरमा उक्त अभियानलाई सशक्त रुपमा लैजाने छु र यसलाई थप प्रभावकारी बनाउन नगरपालिका लागिपरेको छ आफ्नो भुमिकामा कहि कतै नचुकी आफ्नो कर्तव्य पुरा गर्ने बताए ।

उक्त अभियानलाई सफल पार्न आम स्थानीय सरोकारवाल पक्ष तथा आम सञ्चार माध्यमको पनि अमुल्य भुमिका रहेको हुँदा सञ्चार कर्मीले पनि आआफ्नो स्थान बाट सहयोग गर्न अनुरोध गरे ।

कार्यक्रममा नगरपालिकाका स्वास्थ संयोजक अछेलाल दासले यसै महिनाको ४ गते देखी ८ गतेसम्म ६ महिना देखी १५ वर्ष मुनिका बालवालिकालाई सम्बन्धित बिधालयमा गएर दादुरा सम्बन्धि खोप लागाउने र त्यहि बिधालयमा बिधालय भन्दा बाहिर रहेका बालबालिकालाई बोलाएर दादुराको खोप लगाउन अनुरोध समेत गरिएको छ।

समयमै नियमित खोप लगाइ आफ्ना बालबालिकाहरुलाई विभिन्न रोगहरु बाट बचाऔ । बांकी नजिकको तोकिएको स्थानमा खोप लगाउन सकिने छ।

# मटिहानी नगरपालिका : अभिभावकलाई सम्मान




**खबर दर्पण समाचारदाता**

**असार ३ गते, महोत्तरी**

मटिहानी नगरपालिकाको महिला बालबालिका जेष्ठ नागरिक शाखाले बालविवाह न्यूनीकरण कार्यक्रम अन्तर्गत २० वर्ष उमेर पूरा गरी छोरीलाई विवाह गर्ने अभिभावकहरुलाई आज एक कार्यक्रम बीच सम्मान गरिएको छ ।

२० वर्ष उमेर पूरा गरी छोरीलाई विवाह गर्ने ४ज्ञ जना अभिभावकलाई मटिहानी नगर पालिका प्रमुख हरि प्रसाद मण्डल र प्रमुख जिल्ला अधिकारी दीपक पहाडीले दोसल्ला र सम्मानपत्र प्रदान गरी सम्मान गर्नुभयो ।

बालविवाहलाई निरुत्साहित गर्ने उद्देश्यले वडाले सिफारिस गरेका अभिभावकलाई सम्मान गर्ने कार्यक्रम राखिएको कुरा शाखाका प्रमुख दीपा दासले बताइन् ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख हरि प्रसाद मण्डलले समाजमा विद्यमान बालविवाहलाई निरुत्साहित गर्नु पर्ने बताउनु भयो ।

प्रमुख जिल्ला अधिकारी दिपक पहाडीले बालविवाह सामाजिक अपराध हो, बालविवाह सामाजिक कुरीति रहेकोले अन्त्य गर्नु पर्ने भन्नु भयो ।

कार्यक्रममा प्रहरी उपरीक्षक प्रकाश मल्ल, मटिहानी नगरपालिका उप-प्रमुख मन्जु देवी साह, वडा अध्यक्षहरु रयुफ शेष, कलीम अंसारी, अब्दुल गफार राईन लगायतका वक्ताहरु बालविवाह निरुत्साहित गर्ने बारे प्रकाश पार्नु भयो ।

मटिहानी नगरपालिकामा गणकहरुले गरेको बालविवाह सम्बन्धी तथ्यांक संकलनको आधारमा ३७ प्रतिशत बालविवाह हुने गरेको पाईएको छ ।

# वडा अध्यक्षविरुद्ध फर्जि श्रीमती ...

तेली, जगदिश साह सुडी, श्रीचन्द्र साह, मिथलेश साह, लालबाबु ठाकुर बरही, ललित ठाकुर बरही, गणेश यादव, सत्यनारायण यादव, झपसि यादव, दिप लाल साहु सुडी, किशोरी साह सुडी, रामआधार महतो, भवनेश्वर सहितका व्यक्तिलाई विपक्षी बनाइएको छ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा